का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० साउन २०७९,
मंगलबार
26 July 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २०, अंक १७१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



जनकपुर उपमहानगर पालिकाका विभिन्न स्थानबाट बोलबम मेलामा सहभागी हुँदै । साउनभर मुलुकका शिवालयहरुमा बोलबम मेला लाग्ने गर्छ । तस्वीर: रत्न श्रेष्ठ, रासस

## विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन क्षेत्रलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिस्पर्धी बनाउन विज्ञापन आचारसंहिता जारी भएको छ ।
- विज्ञापन आचारसंहिता विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई लागु हुन्छ ।
- विज्ञापन आचारसंहिता पालना गरौं र गराऔं ।

*विज्ञापन व्यवसायलाई स्वच्छ र मर्यादित बनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

जनार्दनमाथि छानविन

# तथ्य भेट्नै गाह्रो

अनधिकृत व्यक्तिबाट करको दर हेरफेर गराएको भनी प्रश्न उठेपछि गठित संसदीय छानविन समितिले १४ दिनदेखि निरन्तर काम गरिरहेको छ । तर, सोमबारसम्म तथ्य नभेटिएको समिति सदस्यहरुको स्वकारोक्ती छ ।



सोमबारसम्म तथ्य नभेटिएको सत्य हो । नभेटिएको तथ्यका आधारमा केही बोल्ने कुरा भएन ।

■ सुरेन्द्र अर्याल
सचिव, संसदीय विशेष समिति

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ९ साउन ।

बजेटमा करको दर हेरफेर गर्न अनधिकृत व्यक्तिलाई अर्थमन्त्रालय प्रवेश गराएको भनी प्रश्न उठेपछि २२ असारमा प्रतिनिधिसभाले विशेष छानविन समिति गठन गऱ्यो । सोही दिन अर्थमन्त्री जनार्दन शर्माले राजीनामा दिए । शर्माले राजीनामा दिए पछि छानविन समितिका सदस्यहरुले उनीमाथिको छानविन सहज हुने बताएका थिए । तर, सोमबारसम्म जनार्दनमाथिको छानविनका क्रममा तथ्य नभेटिएको समिति सचिवालय र समिति सदस्यहरुको स्वकारोक्ती छ । 'सोमबारसम्म तथ्य नभेटिएको सत्य हो । नभेटिएको तथ्यका आधारमा केही बोल्ने कुरा भएन' समिति सचिव सुरेन्द्र अर्याल भन्छन् ।



तर, मंगलबार समितिले नेपाल प्रहरीको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त अर्थमन्त्रालयको सीसीटीभी फुटेज रिकभरसम्बन्धी रिपोर्ट हेर्दैछ । सोमबार संसदीय विषय समितिमा रिपोर्ट पुगेको छ ।

संसदीय विशेष छानविन समितिले अर्थमन्त्रालयको सीसीटीभी फुटेज मगाएर अध्ययन गरेको थियो । अध्ययनका क्रममा जेठ १४ गते रातीको सीसीटीभी फुटेज नभेटिएको भनी अर्थ मन्त्रालयसँग सोध्यो । अर्थमन्त्रालयले सिस्टम अनुसार रहेको सीसीटीभी फुटेज पठाएको जवाफ दिएपछि छानविन – बाँकी पृष्ठ २ मा

# बढ्दो छ कोरोना प्रयोगमा छैन मास्क



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ९ साउन ।

पछिल्लो समय कोरोना भाइरस संक्रमणको संख्या बृद्धि भएपनि स्वास्थ्य मापदण्डको पालना भने निकै न्यून देखिएको छ । केही समयअघि शून्य संख्यामा पुगेको कोरोना संक्रमितको संख्या ५ सय पुग्दा समेत स्वास्थ्य मापदण्डको पालनामा भने कमी देखिएको हो । सोमबारको तथ्यांक हेर्दा २४ घण्टामा ५ सय ६८ जनामा देशभरबाट कोरोना संक्रमण पुष्टि भएको हो । जबकि, त्यसको अघिल्लो दिन अर्थात् आइतबार मात्रै ३ सय ४७ मा संक्रमण पुष्टि भएको थियो ।

कोरोनाको जोखिम अझै उच्च रहेको हुँदा स्वास्थ्यमापदण्ड पालना गर्नुको विकल्प नरहने सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन् । 'अहिले कोरोनाको जोखिम झनै उच्च हुने देखिएको छ, तसर्थ हामी सबैले स्वास्थ्य मापदण्डको पालना नगर्ने हो भने पहिलाजस्तै भयावह अवस्था नआउला भन्न सकिँदैन', डा पुनले भने ।

उनले युरोपियन मुलुकहरुमा पनि संक्रमणको जोखिम पुन उच्च देखिएको हुँदा स्वास्थ्य मापदण्ड अपनाउन सबैमा अपिल समेत गरेका छन् । तर, सर्वसाधारण मात्रै होइन, उच्च पदस्थ नेतादेखि सरकारी कार्यालयमा समेत मास्क, स्यानिटाईजर, भौतिक दुरीको पालना लगायतमा चासो दिएको पाईंदैन ।

नेपालभित्र पनि विशेषगरी बागमती प्रदेशभित्र कोभिडका बिरामीको सङ्ख्या उच्च देखिएको इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. चुमनलाल दासले जानकारी दिए । 'यस संक्रमणका बिरामी बागमती प्रदेशका १३ जिल्ला मध्ये काठमाडौं उपत्यकामा उच्च रहेका छ', उनले भने । प्रदेश एकको मोरङमा पनि कोभिडका बिरामी बढ्दै गएकाले भीडभाड नगर्न तथा सभा अनि सम्मेलन एवं गोष्ठीमा भाग नलिन र स्वास्थ्य मापदण्डको पालना गर्न उनले अपिल गरेका छन् ।

यद्यपि, कोरोनालाई ध्यान दिएर दुई हजार ८०० को हाराहारीमा आइसियू तथा एक हजार २७ भेन्टिलेटर एवं १५ हजार अक्सिजन सिलिण्डरका साथै १३२ अक्सिजन प्लान्टको व्यवस्थथापन भने गरेको उनले जानकारी – बाँकी पृष्ठ २ मा

# नयाँ गन्तव्य खोजीमा ध्यान नदिएको भन्दै महालेखाद्वारा बोर्डको आलोचना

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ साउन

संवैधानिक निकाय महालेखापरीक्षकको कार्यालयले नयाँ श्रम गन्तव्यको खोजी गर्नेलगायत वैदेशिक रोजगार ऐनले दिएको दीर्घकालीन जिम्मेवारी पूरा नगरेको भन्दै वैदेशिक रोजगार बोर्डको आलोचना गरेको छ ।

बोर्डमा पर्याप्त साधन र स्रोत हुँदा पनि ठोस् उपलब्धिपूर्ण काम नगरेको सरोकारवालाहरू बीच चर्चा भइरहेको बेला महालेखापरीक्षकको कार्यालयले पनि बोर्डको कार्यक्षमताको आलोचना गरेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको अध्यक्षता रहने बोर्डमा उच्च पदस्थ सरकारी अधिकारी, वैदेशिक रोजगार व्यवसायी, ट्रेड युनियन, वैदेशिक रोजगार विज्ञ र यस क्षेत्रमा – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## बेलायत नर्स पठाउने श्रम समझदारी गर्न मन्त्रालयलाई अनुमति

**काठमाडौं/मस–** मन्त्रिपरिषद्ले नेपाली नर्सलाई बेलायतमा रोजगारी दिने विषयमा बेलायतसँग श्रम समझदारी गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई अनुमति दिएको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त अनुमति दिएको हो ।

नेपाल र बेलायतबीच श्रम समझदारीको मस्यौदा बनाउन गठित समितिले अन्तिम मस्यौदा तयार गरेको भन्दै श्रम मन्त्रालयले आगामी साता हस्ताक्षर गर्न लागिएको बताएको छ ।

बेलायतको 'डिपार्टमेन्ट अफ हेल्थ सर्भिस' र 'नेसनल हेल्थ सर्भिस'का प्रतिनिधिका साथै काठमाडौंस्थित बेलायती दूतावासका प्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिबीच विभिन्न चरणमा छलफल भई श्रम समझदारीपत्रको मस्यौदा तयार भएको बताइएको छ । – बाँकी पृष्ठ २ मा

## बोर्डद्वारा छात्रवृत्तिका लागि आवेदन माग

**काठमाडौं/मस–** वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका, पूर्ण रुपमा असक्त वा गम्भीर बिरामी भएका कामदारका आश्रित बालबालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि निवेदन दिन सूचना जारी गरेको छ ।

श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग र बिरामी भई फर्किई आएर बोर्डबाट शतप्रतिशत आर्थिक – बाँकी पृष्ठ २ मा

अख्तियारलाई संसदीय समितिको निर्देशन

# हजयात्रामा भएको भनिएको अनियमितताबारे अनुसन्धान गर्नू



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ साउन ।

पछिल्लो समय हजयात्रामा पठाउँदा अनियमितता भएको भनी सरोकारवालाहरुले प्रश्न उठाइरहेका छन । यसमाथि छानविनको माग भइरहेका बेला प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिले अनुसन्धान नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गरेको छ ।

सोमबार मुस्लिम आयोगका अध्यक्ष समिम मिया अन्सारी लगायतका अयोगका पदाधिकारीहरुसँग छलफल गरेर महिला तथा समाजिक समितिले हजयात्रामा भएको भनिएको अनियमिततामाथि अनुसन्धान गर्न निर्देश गरेको हो ।



पहिलेको तुलनामा विश्वभरी नै ३० देखि ४० प्रतिशत हज यात्रीको आर्थिक भार बृद्धि भएको छ । तर, नेपालमा शतप्रतिशत भन्दा बढी किन बृद्धि भयो ? प्रश्न छ ।

■ समिम मियाँ अन्सारी
अध्यक्ष, मुस्लिम आयोग

मुस्लिम आयोगको आर्थिक बर्ष २०७७/०७८ को बार्षिक प्रतिवेदनमाथि छलफल गर्न बोलाइएको बैठकमा सांसदहरुले हजयात्रामा पठाउने क्रममा अनियमितता भएको भनी प्रश्न उठाएका थिए । सोही आधारमा समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गरेको छ । 'हजयात्रा व्यवस्थापनका सम्बन्धमा – बाँकी पृष्ठ २ मा

## तु-आवश्यकता

यस प्रतिष्ठित मेनपावर कार्यालयका लागि निम्न लिखित कर्मचारीहरु चाहिएकोले ईच्छुक ब्यक्तिहरुले तु–सम्पर्क गर्नुहोला ।

पी. आर. ओ.: १० जना

अंग्रेजी राम्रो बोल्न र लेख्न सक्ने, कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भई म्यानपावर क्षेत्रमा कम्तीमा ३ वर्षको अनुभब हुनुपर्नेछ ।

सुविधाहरु :
कम्पनीको नियम अनुसार तलब आकर्षक हुनेछ ।

Diamond Star Overseas Pvt. Ltd.
Gov. Lic. N.: 1353/074/075
Buddhanagar-10, Kathmandu, Ph.: 9823132430, 9811052357

मध्यान्ह
www.madhyanhadaily.com
१० साउन २०७९, मंगलबार
26 July 2022, Tuesday

# जडीबुटी संकलनबाट ४० लाख राजस्व संकलन

**नविन अंकुर/मध्यान्ह**
मनाङ, ९ साउन



विकट हिमाली जिल्ला मनाङमा आर्थिक वर्ष २०७८/७९ मा जङ्गली जडीबुटी सङ्कलनबाट रु ४० हजार १६ हजार ६४ राजस्व सङ्कलन भएको छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइने जिम्बु, वन लसुन, गुची च्याउ, निगालो, यार्सागुम्बा जस्ता जङ्गली जडीबुटी सङ्कलन र काठ बिक्रीबाट पनि उक्त राजस्व सङ्कलन भएको हो ।

सो आवमा जिम्बु सङ्कलनबाट रु ३९ हजार ९८, वन लसुनबाट रु ३४ हजार ५१२, गुची च्याउबाट रु १७ हजार २३३, निगालोबाट २२१, यार्सागुम्बाबाट रु ३६ लाख २९ हजार ५०१ र टिम्बरबाट रु दुई लाख ९५ हजार ४९९ राजस्व सङ्कलन भएको अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) का प्रमुख लेखनाथ गौतमले जानकारी दिए ।

उनका अनुसार जिम्बु २३०६.५ किलोग्राम, वन लसुन १०१७.६५ किलोग्राम, गुची च्याउ ३०.५ किलोग्राम, निगालो १३०० फिस, यार्सागुम्बा १०७.०५२ किलोग्राम, टिम्बर १८६७.५८ क्युफिट बिक्री भएको छ । गत वर्ष कोभिड- १९ का कारण जङ्गली जडीबुटी तथा काठ बिक्री गर्न समस्या भएको थियो । गतवर्षको तुलनामा यस वर्ष भने सहज भएकाले राजस्वमा पनि वृद्धि भएको गौतमले बताए । कुनै पनि रोगको सङ्क्रमण नहुँदा सहज रुपमा मनाङ बाहेक अर्को जिल्लाबाट जडीबुटी सङ्कलनमा आउनेको संख्या बढेपछि राजस्वमा वृद्धि भएको हो ।

गत आर्थिक वर्ष मनाङमा ४०.५ किलोग्राम जडीबुटी सङ्कलनबाट रु १३ लाख ९७ हजार २५० राजस्व सङ्कलन भएको थियो । सङ्कलित राजस्व सङ्घीय सरकारअन्तर्गत वित्तीय आयोगमा पठाइनेछ । वित्तीय आयोगले ५० प्रतिशत सङ्घ सरकारमा राखी प्रदेश सरकार र स्थानीय सरकारमा २५/२५ प्रतिशत राजस्व पठाइने प्रावधान रहेको गौतमले बताए ।

जिल्लाका चार स्थानीय तहमध्ये सबैभन्दा बढी मनाङ ङिस्याङ गाउँपालिकाबाट जङ्गली जडीबुटी सङ्कलन भएको उनले बताए । सबैभन्दा कम सडक सञ्जालबाट नजोडिएको नार्पाभूमि गाउँपालिकाबाट जङ्गली जडीबुटी सङ्कलन भएको उहाँले जानकारी दिए । मनाङ ङिस्याङको खाङ्सार, पिसाङ लेक, आइस लेक, याकखर्क, भ्राका लेक, छोङ्कर लगायतका स्थानबाट जङ्गली जडीबुटी सङ्कलन गरिन्छ । चामे गाउँपालिकामा गुची च्याउ, वन लसुनलगायत पाइन्छन् ।

नासों गाउँपालिकामा नाम्गे, भिमताङ क्षेत्र, ड्रोना ताल, तिलिचे भीमथाङ क्षेत्र र नार्पाभूमि गाउँपालिकामा फु, नार, काङला, हुलाकी ओडार लगायतका क्षेत्रबाट जङ्गली जडीबुटी सङ्कलन गरिन्छन् ।

ठेकेदारले जङ्गली जडीबुटी सङ्कलनका लागि ठेक्का लिने र बाहिरबाट सङ्कलनकर्ता ल्याएर टिपिने गरिन्छ । ठेकेदारले कममा रु ३० हजारदेखि ४० हजारसम्म पूर्जी काटेर ठेक्का लिने गरेका गर्दछन् । करिब दुई महिना खर्कमा बसेर जङ्गली जडीबुटी सङ्कलन गर्ने गर्दछन् ।

# मंकीपक्स बढेपछि निगरानी बढाउन डब्लुएचओको आह्वान

**काठमाडौं/मस-** विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले मङ्कीपक्स सङ्क्रमणलाई जनस्वास्थ्य आपत्कालका रूपमा घोषणा गरेको छ । बहुर्राष्ट्रिय प्रकोपको समीक्षा गर्न साउन ७ गते बसेको अन्तर ाष्ट्रिय स्वास्थ्य नियमन आपत्कालीन समितिको बैठकमा सङ्गठनका महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयससले मङ्कीपक्स द्रुत गतिमा बढेकाले जनस्वास्थ्य आपत्कालको रूपमा घोषणा गरेका हुन् ।



सङ्क्रमण बढ्न थालेपछि डब्लुएचओले दक्षिण-पूर्वी एसिया क्षेत्रका देशहरूलाई मङ्कीपक्सको निगरानी र जनस्वास्थ्यका उपायलाई सुदृढ बनाउन आह्वान गरेको छ । 'मङ्कीपक्स द्रुत गतिमा फैलिरहेको छ र यो पहिले नदेखिएका धेरै देशमा समेत फैलिरहेको छ । जुन ठूलो चिन्ताको विषय हो', डब्लुएचओको जारी गरेको विज्ञप्तिमा दक्षिण-पूर्वी एसिया क्षेत्रका लागि निर्देशक डा. पुनम खेत्रपाल सिंहले भनिन्, 'यद्यपि, पुरुषसँग यौनसम्पर्क गर्ने पुरुषको सम्बन्धमा भने जोखिममा रहेका जनसंख्यामा केन्द्रित प्रयासमार्फत रोगको थप फैलावटलाई कम गर्न सम्भव छ ।'

डब्लुएचओका अनुसार विश्वमा ७५ देशहरूमा १६ हजारमा मङ्कीपक्सका सङक्रमण पुष्टि भएका छन् । दक्षिण-पूर्वी एसिया क्षेत्रमा, भारतमा तीन र थाइल्याण्डमा एक गरी जम्मा चार मङकीपक्सका सङ्क्रमण पुष्टि भएका डब्लुएचओले जनाएको छ ।

भारतमा मध्यपूर्वी देशबाट घर फर्केकामा र थाइल्याण्डमा भने त्यहीँ बसोबास गर्दै आएका एक विदेशी नागरिकमा मङ्कीपक्स सङ्क्रमण पुष्टि डब्लुएचओले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । 'विश्वव्यापीरुपमै र यस क्षेत्रमा मङ्कीपक्सको जोखिम मध्यम भए पनि अन्तर्राष्ट्रियस्तरमा यसको थप फैलावटको सम्भावना भने छ । साथै, भाइरसबारे अझै धेरै अनभिज्ञ छन् । मङ्कीपक्स सङ्क्रमण थप फैलनबाट रोक्नका लागि हामी सजग रहनुपर्छ र द्रुत प्रतिकार्यका लागि तयार हुनुपर्छ', डा. खेत्रपाल सिंहले भने ।

प्रकोप शुरु भएदेखि नै डब्लुएचओले जोखिम मूल्याङ्कन र जनस्वास्थ्यका उपायको शुरुवात गर्नका साथै यस क्षेत्रमा परीक्षण क्षमताको विकास गर्न पनि सहजीकरण गर्दै आएको जनाएको छ । मङ्कीपक्सको प्रतिकार्यका लागि प्रभावित समुदायलाई सहभागी बनाउनु र सुरक्षित गर्नु, निगरानी र जनस्वास्थ्यका उपायलाई तीव्र बनाउनु, स्वास्थ्यसंस्थामा उपचार व्यवस्थापन र सङ्क्रमण रोकथाम तथा नियन्त्रणलाई बलियो बनाउनु र खोपको प्रयोग, उपचार तथा अन्य उपायको अनुसन्धानलाई बढाउनु मुख्य उपाय हुन् ।

मङ्कीपक्स भाइरस सङ्क्रमित जनावरसँगको अप्रत्यक्ष वा प्रत्यक्ष सम्पर्कबाट मानिसमा सर्ने गर्दछ । सङ्क्रमित व्यक्तिको छाला वा बिमिरा र श्वासप्रश्वासका थोपाको प्रत्यक्ष सम्पर्कमा आएमा मानिसदेखि मानिसमा यो रोग सर्न सक्छ । हाल प्रकोप फैलिएका देशमा मङ्कीपक्स सङ्क्रमणमध्ये मुख्यरूपमा यौन सम्पर्कसहित नजिकको शारीरिक सम्पर्कमार्फत सङ्क्रमण भएको देखिएको डब्लुएचओले जनाएको छ । सङ्क्रमित छालाका कण भएका ओछ्यान, विद्युतीय उपकरण, कपडाजस्ता सङ्क्रमित सामग्रीबाट पनि रोग सर्न सक्छ ।

# रेडक्रस सोसाइटीको पालिकास्तरीय समन्वय बैठक हापुरेमा सम्पन्न

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, ९ साउन

नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला अध्यक्ष नारायण आचार्यले विपद पूर्व तयारी तथा प्रतिकार्यका क्षेत्रमा सबै सरोकारवाला निकायहरुसँग समन्वय गरेर गरिने कार्यक्रमहरु फलदायी हुने बताएका छन् ।

नेपाल रेडक्रस सोसाइटी दाङ शाखाको आयोजनामा बबई गाउँपालिका स्तरिय समन्वय बैठकमा बोल्दै आचार्यले यस्तो बताएका हुन् ।

बैठकमा बोल्दै बबई गाउँपालिकाका अध्यक्ष कुल बहादुर खत्री क्षेत्रीले नेपाल रेडक्रस सोसाइटीद्वारा बबईमा संचालित समुदाय उत्थानशिलतामा अभिवृद्धि कार्यक्रममा आएका समस्या तथा चुनौतीहरु, कार्यक्रमको अपनत्व तथा दिगोपना, दोहोरोपना हुन नदिन लक्षित संकटासन्न समुदायको सहभागिता, प्रभावकारी अनुगमन जस्ता कार्यहरुमा हामी सबैले ध्यान दिनुपर्नेमा जोड दिए ।

बैठकमा नेपाल रेडक्रस सोसाइटीद्वारा संचालित समुदाय उत्थानशिलतामा अभिवृद्धि कार्यक्रमले अघिल्लो त्रैमासिकमा सम्पन्न गरेका गतिविधिहरु, आगामी त्रैमासिकमा संचालन गरिने गतिविधिहरु, समुदायको प्रकोप, संकटासन्नता तथा क्षमता पहिचानबाट आएका मुल समस्याहरु, तथा समाधानका लागि योजनाहरु जिविकोपार्जनका गतिविधि संचालन प्रकृया, समुदाय लाभग्राही छनौटका विधि तथा प्रक्रियाहरुका बारेमा अन्तर्क्रिया गरिएको थियो ।

पालिकामा रहेका समस्या समाधान गरी उत्थानशिल समुदाय निमार्ण गर्न नपाल रेडक्रस सोसाइटीले संचालन गरेको परियोजनालाई प्रभावकारी कार्यान्वयन गर्न बबई गाउँपालिका, विभिन्न राजनीतिक दलहरु, सरोकारवाला निकायहरु, वडा कार्यालयहरु, विभिन्न विषयगत शाखाहरु तथा स्वयं समुदायका व्यक्तिहरु नै सकृय हुन सके उत्थानशिल समुदाय निमार्ण हुने र रेडक्रसले यसको अगुवाई गर्ने कुरा जिल्ला कार्यक्रम संयोजक जगत तामाङले राखेका थिए भने जिविकोपार्जका गतिविधिहरुका बारेमा कार्यक्रमका जिविकोपार्जन अधिकृत थानेश्वर पोखरेलले जानकारी दिएका थिए ।

सोही अवसरमा गाउँपालिका स्तरीय स्थानीय विपद व्यवस्थापन समितिको बैठक बसी विपद व्यवस्थापनमा बबई गाउँपालिकाको आगामी योजना तथा बजेटका बारेमा विपद सम्पर्क व्यक्ति भुवन चन्द बालानले जानकारी गराएका थिए ।

गाउँपालिकामा भूकम्प, बाढी, खानेपानी, स्वास्थ्य सरसफाई, आगलागी, बन्यजन्तु लगायतका मुख्य प्रकोपहरु रहेको बताइएको छ ।

नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखाका सभापति नारायण आचार्यको अध्यक्षता, बबई गाउँपालिकाका अध्यक्ष कुलबहादुर खत्री क्षेत्रीको प्रमुख आतिथ्यता तथा उपाध्यक्ष बमकुमारी खत्रीको विशिष्ट आतिथ्यतामा सम्पन्न बैठकमा बबई गाउँपालिकाका कार्यवाहक प्रमुख प्रशासकिय अधिकृत, सबै वडा अध्यक्षहरु, स्थानीय विपद व्यवस्थापनका पदाधिकारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, हापुरे उद्योग वाणिज्य संघका प्रतिनिधि, हापुरे च्याम्बर्स अफ कर्मशका अध्यक्ष युवराज कडेंल, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका उपमन्त्री विष्णु थापा, उप कोषाध्यक्ष ज्ञान प्रसाद आइतबारे, पञ्चकुले उपशाखाका सभापति जुद्धवीर खाम्चा लागयत विभिन्न संघसंस्थाका प्रतिनिधिसहित ३५ जनाको सहभागिता रहेको थियो । गाउँपालिकाको सभाहलमा संचालन भएको कार्यक्रमको सहजीकरण कार्यक्रमका फिल्ड अधिकृत देवी प्याकुरेलले गरेका थिए ।

# कैदीबन्दीलाई गर्मी र उडुसको समस्या



**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ९ साउन

जिल्ला कारागार लमजुङमा रहेका कैदीबन्दी गर्मी र उडुसको मारमा परेका छन् । बेँसीसहर नगरपालिका- ८ मा रहेको यस कारागारमा रहेका कैदीबन्दी यतिबेला गर्मी र उडुसको टोकाइले मारमा पर्ने गरेका हुन् ।

वरिपरी अग्लो पर्खाल, पर्खालबाट सानो ढोकाभित्र छिरेपछि असरल्ल त्रिपालको बार अनि त्यहाँभित्र भूइँमै छरपष्ट ओछ्यान । त्यहाँभित्र जीर्ण भवनको स-साना र अँध्यारा कोठामा पनि अटेसमटेस विस्तारा, लुगाफाटा र झिटीगुण्टा । खचाखच मान्छे, नजिकै शौचालयबाट आइरहेको दुर्गन्ध । यो कष्टकर र अत्यास लाग्दो चित्र जिल्ला कारागारको हो ।

उनीहरुलाई कानूनअनुसारको सजाय भइरहेको भए पनि कानूनी मापदण्डको कारागारको संरचना छैन । मापदण्डअनुसार एक कैदीबन्दी बराबर एक मिटर लम्बाइ र चार मिटर चौडाइ क्षेत्रफलको व्यवस्था गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । कानूनी प्रावधानअनुसार कारागार ३५ जनाका लागि मात्रै उपयुक्त छ । हाल यहाँ १०२ कैदीबन्दी रहेका छन् ।

पुरानो संरचना, क्षमताभन्दा बढी कैदीबन्दी हुँदा स्वभाविक रुपमै यी समस्या रहेको अड्कल गर्न सकिन्छ । संरचनाको अभाव तथा जीर्ण हुँदै गएको कारागारमा चिसो याम होस् वा गर्मी याम यहाँ उनीहरु बाह्रैमहिना दिनरात समस्याले गर्दा चिन्तामै हुने गरेका छन् ।

पाँच वर्षदेखि जबरजस्ती करणी मुद्दामा कैद सजाय भोग्दै आएको चौकीदार नवीन गुरुङले भने, 'यहाँ साघुरो ठाउँ छ, त्यहीमाथि क्षमताभन्दा झण्डै चार गुणा कैदीबन्दी छन्, यसले गर्दा खान बस्न, सुत्न त समस्या भइहाल्छ, त्यति मात्र होइन यतिबेला गर्मीको समय भएकाले धेरै जना कोचिएर सुत्नुपर्दा बढी गर्मी हुने गरेको छ, उडुस परेकोले उडुस मार्दै सुत्नु परेको छ ।'

तीन वटा शौचालय मात्र रहेकाले शौचालय जान पनि कति बेला पालो आउला भनेर पालो कुर्नुपरेको कैदीबन्दीको गुनासो छ । कैदीबन्दीका अनुसार वर्षा हुँदा पानी समेत रसाउने तथा भित्र छिर्ने गरेको छ । कारागारमा गर्मीको समयमा पङ्खासमेत पर्याप्त नहुँदा समस्या भइरहेको बताइएको छ ।

यहाँका कैदीबन्दीले समस्याको समाधान गर्न सरकारसँग माग गर्दै आए पनि समस्या जहाँकोतहीँ जीवत छ । यो कारागार विसं २०२८ मा कुन्छाबाट बेँसीशहरमा सदरमुकाम सरेसँगै निर्माण गरिएको थियो । कारागारको कार्यालयदेखि कैदीबन्दी बसोबास गर्ने संरचना गरी चार रोपनी क्षेत्रफलमा फैलिएको छ ।

संख्याका आधारमा कारागाराका लागि आठ रोपनीभन्दा बढी क्षेत्रफल आवश्यक पर्ने देखिए पनि सम्बन्धित निकायबाट उक्त कारागारमा नयाँ भवन बनाउन उपयुक्त हुन्छ/हुँदैन भनेर केही वर्षअघि नै माटो परीक्षणको कामसमेत भइसकेको छ । नयाँ भवन बनाउनका लागि उपयुक्त भएको ठहरसमेत प्राविधिक टोलीले गरेको थियो ।

कारागारका जेलर तारा तामाङले भने, '३५ जनाको क्षमताको कारगारमा उक्त संख्यामा हुँदा उनीहरुलाई विभिन्न समस्या भइरहेको छ, यो पुरानो संरचना हो, भौतिक संरचना निर्माण गर्न जरुरी छ, हामीले पहल गरिरहेका छौं ।'

बेलाबेलामा उडुसको औषधि हाले पनि औषधिले उडुस नमर्दा समस्या भएको जिल्ला कारागारले जनाएको छ । कारागारका अनुसार यहाँ पहिलाभन्दा केही सहज भए पनि समस्या धेरै रहेको छ । कैदीबन्दीलाई मात्र नभइ यहाँ सुरक्षाकर्मीलाई समेत समस्या छ । कारागारको २ नम्बरको सुरक्षा पोष्ट भवनको पर्खाल नै भत्किएको छ । यहाँ जोखिम मोलेर नेपाल प्रहरीले डिउटी गर्ने गरेका छन् । यस कारागारमा रहेका कैदीबन्दीमा सुगर, दम, क्षयरोग लगायतका समस्या रहेको कारागारले जनाएको छ ।

### जनार्दनमाथि...

समितिले जेठ १४ गतेको डिलिट भएको भनी रिकभर गर्न सिस्टम नै नेपाल प्रहरीको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला पठाएको थियो ।

छानविन समितिका सचिव सुरेन्द्र अर्यालका अनुसार प्रहरीको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाले सोबार समितिलाई रिर्पोट बुझाएको छ । तर, रिर्पाटमा के छ भनेर हेर्न मंगलबार बिहान साढे ८ बजेसम्म कुनुपर्ने उनले बताए । 'प्रहरीको सिलबन्दी फरेन्सिक रिर्पोट आइपुगेको छ । मंगलबार बिहान बस्ने बैठकमा समिति सदस्यहरुले सिलबन्दी तोडेर अध्ययन गर्नुहुनेछ' सचिव अर्यालले भने । सिलबन्दी रिर्पोटमा लिखित मात्रै छ कि सीसीटीभी फुटेज नै छ भन्नेबारे केही भन्न नसकिने बताइएको छ ।

समितिमा नेकपा(एमाले) को तर्फबाट ४, नेपाली कांग्रेशको तर्फबाट २ र नेकपा(माओवादी केन्द्र)को तर्फबाट २ जना सदस्य छन । नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी र लोकतान्त्रिक समाजवादीको तर्फबाट एक-एक जना सदस्य छन् ।

समितिमा सांसदहरु खगराज अधिकारी, देव गुरुङ, प्रदीप ज्ञवाली, भानुभक्त ढकाल, बिमला बिक, लक्ष्मणलाल कर्ण, शक्ति बस्नेत, सरला यादव, सीताराम महतो, सुरेन्द्र यादव र मानबहादुर विश्वकर्मा रहेका छन् ।

सुरुमा १० दिनको समय दिइएको यो समितिले छानविन जारी रहेको भन्दै सात दिन थप समय मागेको थियो । सोही आधारमा थपिएको समय सकिन अब ३ दिन बाँकी छ । अबको ३ दिनमा छानविन समितिले के तथ्य भेटाउला त्यो महत्वपूर्ण छ ।

### बढ्दो...

दिएका छन् । 'कोभिड कारण आर्थिक हानी मात्रै होइन ज्यानै जाने र केही धेरैको मानसिक समस्या देखिएको छ, करिब ४३ प्रतिशतमा डिप्रेशन तथा ३३ प्रतिशतमा चिन्ता र २९ प्रतिशत विद्यार्थीमा भने बढी निन्द्रा लाग्ने समस्या भेटिइरहेको छ', उनले भने ।

उनले पछिल्ला दिनहरुमा कोरोनाको संख्या बढ्ने र स्वास्थ्य मापदण्डको पालना घट्नेक्रम बढेकाले सर्वसाधारणलाई सचेत हुन अपिल समेत गरेका छन् । तर, निरन्तर भईरहेको सभासमारोह र मानिसको भिडभाडले भने कोरोना पुन फैलिने सम्भावना देखिएको छ ।

### नयाँ ...

कार्यरत संस्थाहरको प्रतिनिधित्व रहने व्यवस्था छ । हाल बोर्डमा अध्यक्षसहित २५ जना सदस्य रहेका छन् ।

महालेखापरीक्षकको कार्यालयले हालै राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको ५९ औं प्रतिवेदनमा वैदेशिक रोजगार ऐनको दफा ३९ ले बोर्डलाई अन्य जिम्मेवारीका अतिरिक्त नेपाली कामदारका लागि नयाँ श्रम गन्तव्यको खोजी गर्ने र दीर्घकालीन प्रतिफल प्राप्त हुने योजना बनाई कार्यान्वयन गर्ने जिम्मेवारी तोकेको भएपनि बोर्डले उक्त काम गर्न नसकेको उल्लेख गरेको छ ।

प्रतिवेदनमा भनिएको छ, 'वैदेशिक रोजगार ऐनको दफा ३९ ले बोर्डलाई अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन गर्ने र नयाँ श्रम बजारको खोजी गर्ने, फर्किएका कामदारको सीप, पुँजी र निजले सिकेको प्रविधि मूल्यांकन गरी राष्ट्र हितमा लगाउने कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने तथा वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण गर्ने नीति तर्जुमा गरी नेपाल सरकारलाई पेश गर्ने जिम्मेवारी दिएको छ । तर यी काम प्रभावकारी भएनन् ।'

त्यसैगरी प्रतिवेदनमा वैदेशिक रोजगारीमा रहेका कामदारले कमाएको आय सरल र सुलभ तरिकाले नेपाल भित्र्याउने सम्बन्धमा आवश्यक परामर्श दिने काम, कर्तव्य र अधिकार बोर्डलाई दिएको उल्लेख गर्दै महालेखापरीक्षकको कार्यालयले बोर्डले दीर्घकालीन प्रभाव पार्ने यस्ता काममा लगानी गरेको नदेखिएको उल्लेख गरेको छ । कार्यालयले ऐनले तोकेको कार्य जिम्मेवारी पूरा गरी बोर्डको कार्य सम्पादनलाई प्रभावकारी बनाउनुपर्ने बताएको छ ।

बोर्डबाट हालसम्म मुख्यरुपमा मृतकका परिवारलाई आर्थिक सहायता, बिरामी एवं अंगभंग भएकालाई उपचार खर्च, विदेशमा अलपत्र परेका शव ल्याउन सहयोग, रोजगारदाता मुलुकमा आन्तरिक विद्रोह, आर्थिक मन्दीका कारण अलपत्र परेका कामदारलाई उद्धार गर्ने, जनचेतनामुलक कार्यक्रमहरु संचालन, विदेशमा सुरक्षित गृह सञ्चालन गर्ने कार्य गर्दै आएको छ । महालेखापरीक्षकको कार्यालयले दिएको सुझावले बोर्डका केही समयपछि नियुक्त हुने कार्यकारी निर्देशकले नयाँ श्रम गन्तव्य खोज्नेदेखि कामदारको सीप विकास तथा पुनःस्थापना ध्यान दिनुपर्ने देखाएको छ ।

बोर्डले नयाँ कार्यकारी निर्देशका लागि दरखास्त आह्वान गरेपछि निर्मलकुमार उप्रेती बारा, तोयानाथ अधिकारी लमजुङ, दुर्गादत्त ढकाल टोखा काठमाडौं, डा. द्वारिका उप्रेती बारा, युवराज बस्नेत सुर्खेत र हरिकुमार श्रेष्ठ पर्वतले प्रतिस्पर्धा गरिरहेका छन् ।

### बेलायत...

रोजगारीका लागि बेलायत जाने नर्सले कुनै पनि शुल्क बुझाउनु पर्ने छैन । बेलायतमा रोजगारीका लागि प्रारम्भमा २ हजार नर्स पठाउन तयार रहेको मन्त्रालयले जनाएको छ । नेपाली श्रमिकहरुलाई बेलायतमा निर्माण, ड्राइभिङ, कृषि, होटल व्यवसाय जस्ता अन्य क्षेत्रहरुमा हुने सम्भावनाबारे पनि तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठले छलफल गरेका थिए ।

### बोर्डद्वारा...

सहायता लिएका कामदारका छोराछोरी, सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत, विद्यालयस्तर पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरहदेखि कक्षा १२ सम्मका १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्ने बोर्डले जनाएको छ ।

शैक्षिक छात्रवृत्तिको निवेदन दिन गत असार मसान्तभित्र बोर्डबाट पाउनुपर्ने आर्थिक सहायता पाएको हुनुपर्ने शर्त राखिएको छ । निवेदन आउँदो असोज मसान्तसम्म दिन सकिने बोर्डले जनाएको छ ।

### अख्तियारलाई...

भएको खर्च लगायतको विषयमा भएको भनिएको अनियमितता माथि अनुसन्धान गरि निश्कर्षमा पुग्न समितिको यो बैठक अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्दछ' समितिको निर्णय छ ।

यसैगरी, समितिले हजयात्रा व्यवस्थापनमा मुस्लिम आयोगको नेतृत्वदायी भूमिका नहुनुको कारण समितिलाई उपलब्ध गराउन स्वमं मुस्लिम आयोगलाई निर्देश गरेको छ ।

मुस्लिम आयोगका अध्यक्ष अन्सारीका अनुसार हजयात्राको व्यवस्थापन गृह मन्त्रालयत अन्तर्गत रहने हज कमिटीले गर्दछ । उनी स्वमं हजयात्रामा पठाउँदा अनियमतिता भएको आशंका गर्छन । उनअनुसार गएको बर्ष हज जानेहरुसँग दुई लाख ३० हजार लिइएको थियो । यस बर्ष बढेर ४ लाख ६३ हजार ८ सय पुऱ्याइएको छ । यसरी महंगो हुनुको कारण खोजी गर्दा आयोगले नै कारण नपाएको उनको भनाई थियो । एक्कासी महंगो किन भयो ? भनेर आफुहरुले छिमेकी राष्ट्रहरुले लिएकोबारे जानकारी लिंदा विश्व भरी नै ३० देखि ४० प्रतिशत बृद्धि भएको पाइएको अध्यक्ष अन्सारीले सुनाए । 'पहिलेको तुलनामा विश्वभरी नै ३० देखि ४० प्रतिशत बृद्धि भएको छ । तर, नेपालमा शतप्रतिशत भन्दा बढी किन बृद्धि भयो ? भन्ने प्रश्न छ' अन्सारीले भने ।

### भूल-सुधार

२०७९ साउन ९ गते प्रकाशित मध्यान्ह राष्ट्रिय दैनिकको पृष्ठ ६ मा मिति २०७९ साउन ९ गते सो मबार (2022 July 25) हुनुपर्नेमा अन्यथा भएकाले भूलसुधार गरिएको छ । यसबाट पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं ।
-स.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# भीमसेन थापा राष्ट्रवादी व्यक्तित्वः प्रधानमन्त्री




**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय विभूति भीमसेन थापा उनले जीवनमा गरेका कर्मका आधारमा नेपालको इतिहासमा राष्ट्रवादी व्यक्तित्वका रुपमा परिचित भएको बताएका छन् ।

राष्ट्रिय विभूति भीमसेन थापाको २४८औं जन्मजयन्तीका अवसरमा राष्ट्रिय विभूति भीमसेन थापा स्मृति प्रतिष्ठानले सोमबार आयोजना गरेको भीमसेन थापा स्मृति पुरस्कार वितरण समारोहमा उनले स्वाभिमानी थापाले पुर्‍याएको योगदानको स्मरण गरे ।

'थापाले महत्वपूर्ण आर्थिक सुधारको काम गर्नुभएको छ, उहाँले मानापाथी व्यवस्थित गरेर नापतौलको मापन गर्नुभयो, चिट्ठीपत्र ओसारपसारका लागि पनि भीमसेन थापाले काम गर्नुभएको छ' उनले भने ।

महत्वपूर्ण कागजात एवं चीजबीजको अभिलेख राख्ने काम पनि भीमसेन थापाकै पालामा सुरु भएको उल्लेख गर्दै उनले स्वतन्त्र देश नेपालको रक्षाका लागि गरेको योगदानको चर्चा गरे ।

प्रतिष्ठानका अध्यक्ष प्रा.डा पार्थिवेश्वरप्रसाद तिमल्सिनाले थापाको नासोका रुपमा रहेको लगनटोलस्थित सिलखाना पुरानै स्वरुपमा पुनःनिर्माणको व्यवस्था मिलाइदिन प्रधानमन्त्री देउवासँग माग गरेका थिए ।

कार्यक्रममा रु. एक लाख राशिको भीमसेन थापा स्मृति पुरस्कार भक्ति थापा स्मृति प्रतिष्ठानलाई प्रदान गरिएको थियो । पुरस्कार ग्रहण गर्नहुँदै प्रतिष्ठानका अध्यक्ष रोवबहादुर थापाले भक्ति थापाका विषयमा अध्ययन अनुसन्धानका लागि पुरस्कारबाट प्राप्त रकमलाई सदुपयोग गरिने प्रतिबद्धता जनाए । कार्यक्रममा प्रा.डा त्रिरत्न मानन्धर, प्रतिष्ठानका सदस्य-सचिव लक्ष्मण थापालगायतले नेपालको एकीकरण, इतिहास एवं राजनीतिक क्षेत्रमा भीमसेन थापाले गरेका महत्वपूर्ण कामका बारेमा व्याख्या गरेका थिए ।

# संक्रमणकालीन न्याय विधेयकमा संशोधन सुझाव



**काठमाडौं/मस–** एम्नेस्टी इन्टरनेशनल, इन्टरनेशनल कमिसन अफ जुरिस्ट्स्, ह्युमन राइट्स् वाच र ट्रायल इन्टरनेशनलले नेपालको संक्रमणकालीन न्यायबारे अन्तर्राष्ट्रिय कानुनी मापदण्डअनुरूप हुने गरी विधेयकलाई संशोधन गर्न सुझाव दिएका छन् ।

नेपाल सरकारले ल्याएको विधेयकमा जवाफदेहिता स्थापित गर्ने सवालमा केही सुधारका संकेतहरू देखिए पनि अहिलेकै अवस्थाको विधेयकले पीडितलाई पूर्णरूपमा न्याय प्रदान नगर्ने र अन्तरराष्ट्रिय कानुनअन्तर्गत नेपालको दायित्व पनि पूरा नहुने सुझाव उनीहरुले दिएका हुन् ।

'आफ्ना मागहरू पूरा हुने आशमा व्यग्रतापूर्वक कानुन संशोधनको पर्खाइमा रहेका पीडित र तिनका परिवारहरू निराश भएका छन,' इन्टरनेशनल कोर्ट अफ जस्टिस (आईसीजे) की वरिष्ठ अन्तर्राष्ट्रिय कानुनी सल्लाहकार मन्दिरा शर्माले भनिन्, 'कानुनमा सुधार गर्ने बाचाका बाबजुद् यदि यस विधेयकलाई अहिलेकै अवस्थामा कार्यान्वयन गर्ने हो भने यसले धेरै पीडकहरूलाई न्यायिक दायरामा ल्याउनबाट जोगाउने छ ।'

सर्वोच्च अदालतले संक्रमणकालीन न्यायका दुई आयोगलाई अन्तरराष्ट्रिय कानुनअन्तर्गतका गम्भीर उल्लङ्घनका पीडकलाई आममाफी दिने अधिकार प्रदान गर्नेलगायतका विभिन्न आधारमा नेपालको आन्तरिक र अन्तर्राष्ट्रिय कानुनी दायित्व पूरा गर्न नसक्ने फैसला गरेको थियो ।

नयाँ विधेयकले पहिले रहेका केही आममाफीका प्रावधानहरू हटाएको भए पनि युद्ध अपराध र मानवताविरुद्धको अपराधलाई अभियोजन गर्ने कुरा अझै असम्भव रहेको यी संस्थाहरूले जनाएका छन् । पुनरावेदनको अधिकारमाथिको बन्देजलगायत नयाँ विधेयकका धेरै प्रावधानले अन्तर्राष्ट्रिय कानुनी मापदण्डअनुरूप जवाफदेहिता स्थापित गर्नमा पनि रोक लगाउने उनीहरुको भनाइ छ ।

# प्रदेश नं १ मा ३२ लाख बढीले लगाए खोप



**मोरङ/मस–** प्रदेश नं १ मा कोभिड-१९ विरुद्ध लगाइने खोप ३२ लाख ७५ हजार ८६६ नागरिकले लगाएका छन् ।

प्रदेशमा ४९ लाख ८२ हजार २५० लक्षित जनसंख्यामध्ये १२ वर्षदेखि माथिका ७९ प्रतिशतले कोभिड १९ विरुद्धको पूर्णमात्रा खोप यही साउन ४ गतेसम्म लगाएको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुख शम्भु साहले जानकारी दिए ।

खोप लगाउनेमध्ये १२ वर्षमाथिका ८१ प्रतिशतले पहिलो मात्रा, ७९ प्रतिशतले दोस्रो र पाँच प्रतिशतले बुस्टर डोज खोप लगाएको प्रमुख साहले बताउनुभयो। प्रदेशमा कोभिड- १९ विरुद्धको छ प्रकारका खोप नागरिकलाई लगाएका छन् । यसरी लगाइएका खोपमा कोभिसिल्ड, भेरोसेल, जोन्सन एण्ड जोन्सन, अष्ट्राजेनेका, फाइजर र मोर्डना रहेका छन् ।

प्रदेशमा अहिलेसम्म ७१ लाख ५७ हजार ४३९ मात्रा खोप आएको छ। कतिपय नागरिकले पहिलो खोप लगाएपश्चात विदेश गएको, अन्य प्रदेशमा लगाएको र व्यवस्थित अभिलेख राख्न नसकेका कारण दोस्रो तथा बुस्टर मात्रा कम देखिएको छ ।

प्रदेशका तराईका जिल्लाको तुलनामा पहाडी तथा हिमाली जिल्लामा खोप लगाउनेको संख्या तुलनात्मक रुपमा बढी रहेको प्रमुख साहले बताए। तराई क्षेत्रमा विभिन्न अफवाह एवं भ्रमका कारण खोप लगाउनेको संख्या कम हुन गएको केन्द्रले जनाएको छ ।

यस्तै प्रदेशका १० जिल्लामा भेरोसेल, जोनसन र फाइजर खोपको मौज्दात रहेको केन्द्रले जनाएको छ। ताप्लेजुङ, ओखलढुङ्गा, धनकुटा, मोरङमा कोभिड १९ विरुद्धको खोप मौज्दात नरहेको केन्द्रका निरीक्षक राजेन्द्र श्रेष्ठले जानकारी दिए ।

प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र कार्यालयमा फाइजरको एक लाख ७४ हजार ८०० सय मात्रा मौज्दात रहनुका साथै प्रदेशका सबै जिल्लामा गरी चार लाख १८ हजार डोज खोप बाँकी रहेको कार्यालयका श्रेष्ठले जानकारी दिए । प्रदेशमा अहिले सरदर दुई हजार ८५० जनाले दैनिक खोप लगाइरहेको कार्यालयका प्रमुख साहले बताए ।

कर्णाली प्रदेशसभा

# दुई विधेयक सर्वसम्मतिले पारित

**कर्णाली/मस–** कर्णाली प्रदेशसभाको बैठकमा दुईवटा विधेयक सर्वसम्मतिले पारित भएको छ ।

प्रदेशसभाको सोमबार बसेको बैठकले 'मुख्यन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्तसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक' र 'प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका सर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित गरेको हो ।

सभामुख राजबहादुर शाहीले प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री हिमबहादुर शाहीलाई दुईवटै विधेयक समग्रमा पारितका लागि सभामा प्रस्ताव पेस गर्न अनुमति दिएसँगै बैठकले विधेयक पारित गरेको थियो । उक्त बैठकमा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री जीवनबहादुर शाहीले शहीद स्मृति भत्ता र घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुको जीवन निर्वाह भत्ता दिने गरी काम अगाडि बढाएको बताए । त्यसैगरी, नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा दलका नेता महेन्द्रबहादुर शाही र नेकपा एमाले कर्णाली प्रदेशसभा दलका नेता यामलाल कँडेलले बैठकमा आफ्ना धारणा राखे ।

सभाको अर्को बैठक यही साउन १६ गते दिउँसो ३ बजे बस्ने जानकारी सभामुख शाहीले गरेका थिए ।

# बैतडीको सिगासका जनप्रतिनिधिले खाए २३ लाखको खाना

**दिपक दत्त भट्ट/मध्यान्ह**
धनगढी, ९ साउन

बैतडीको सिगास गाउँपालिकाका जनप्रतिनिधिले खाना शिर्षकमा २३ लाख रुपैयाँ भन्दा बढी खर्च गरेको पाइएको छ।

महालेखा परीक्षकको प्रतिवेदन २०७९ अनुसार आर्थिक वर्ष २०७७/०७८ मा सिगासका जनप्रतिनिधिले खाना र विविध शिर्षकमा २३ लाख २८ हजार रुपैयाँ खर्च गरेका हुन् ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ अनुसार व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहेर औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था रहेको महालेखा परीक्षकको कार्यालयले जनाएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०९/१८ मा दर्ता भएको **प्रा.लि. नं. ११८२३९** को **मणिलेक हस्पिटल प्रा. लि.**को मिति २०७९/०४/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटर: बम बहादुर थापा, इजाजतपत्र नं. ४५९**
**ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०४/१०
यस कम्पनीको मिति २०७८/१२/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बमोजिम साबिक कम्पनी **न्यागुम लाउन्ज बार एण्ड क्लब प्रा.लि. (प्रा.लि. नं. २०२३१२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०१/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **विलिनियर्स लाउन्ज क्लब एण्ड बार प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०५/२१ मा दर्ता भएको **प्रा.लि. नं. १७४७१०** को **पिक्सेल फ्रेमर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०४/१०
यस कम्पनीको मिति २०७९/०४/०४ मा [illegible] विशेष बैठकको बमोजिम साबिक कम्पनी **डी एण्ड पी. मेडिकल सेन्टर प्रा.लि. (प्रा.लि. नं. ११९९००)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०४/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मेक्सी म्याक्स मेडिकल सेन्टर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०४/१०
यस कम्पनीको मिति २०७६/०९/०१ मा सम्पन्न विशेष साधारण सभाको बमोजिम साबिक कम्पनी **सुआनी मिट मार्ट प्रा.लि. (प्रा.लि. नं. १८०८७१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०५/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सुआनी मिट सप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## नवदुर्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना**
**प्रकाशित मिति २०७९/०४/०१**

प्रस्तुत विषयमा यस नवदुर्गा गाउँपालिकाको कार्यालयमा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) खुला प्रतिस्पर्धाको माध्यमबाट करार पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग बमोजिमका विवरण सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १–२०७९/८० | रोजगार सहायक | सहायक पाचौं | १ जना |

१. **आवश्यक न्युनतम योग्यता र अनुभवः**
क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको
ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको
२. **दरखास्त दिने स्थानः** नवदुर्गा गाउँकार्यपालिकाको कार्यालय, मणिलेक, डडेलधुरा
३. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०४/१५ गते सम्म (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)
४. **आवेदन दस्तुरः** रु ५००।- (पाँच सय मात्र)
५. **छनौटको किसिमः** प्राराम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता
६. **आवेदन साथ संलग्न कागजातहरुः**
आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु
क. नागरिकता
ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण पत्र
ग. चारित्रिक प्रमाण पत्र
घ. कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
ङ. तालिमको प्रमाण पत्र
च. २ प्रति पासपोर्ट साइजको फोटो
७. **सेवा सुविधा तथा अन्य सुविधाः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८को दफा १३ र १४ बमोजिम हुनेछ ।
(आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी नेपाल सरकार श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयको वेभसाइट www.pmep.gov.np बाट लिन सकिनेछ ।)

**प्रमुख प्रशासकीय अधिकृत**

## शुन्य लागत (ZERO COST) मा मलेसियामा रोजगार

**१. कम्पनी : M-PE INDUSTRY (PENANG) SDN BHD** — शहरः **PENANG**
पूर्व स्वीकृत मितिः २०७९/०४/०९ — चलानी नं.: ६०१८३८४३ — LT. No.: 267863

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**२. कम्पनी : JI-AITO SDN BHD** — शहरः **JALAN**
पूर्व स्वीकृत मितिः २०७९/०४/०९ — चलानी नं.: ६०१८३८४४ — LT. No.: 267864

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 80 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**३. कम्पनी : IMPRESSIVE EDGE (KUALA LUMPUR) SDN BHD** — शहरः **KUALA LUMPUR**
पूर्व स्वीकृत मितिः २०७९/०४/०९ — चलानी नं.: ६०१८३८४४ — LT. No.: 267852

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 12 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १७ गते (2 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kankai Recruitment suppliers Pvt. Ltd.**
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal. Mobile : 9803697030, 9800941029, 9804850746
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com

## घिरिङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**सच्याईएको**
**प्रकाशित मिति २०७९/०४/१०**

यस राष्ट्रिय दैनिकमा मिति २०७९/०४/०९ मा प्रकाशित "करारमा ईञ्जिनियर पदपूर्ति गर्ने सम्बन्धी सूचना"मा तपसिल बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

**तपसिल**
१. प्रथम पटक प्रकाशित मिति : २०७९/०४/०९
२. दरखास्त दिने अन्तिम मिति : २०७९/०४/२४
३. सूचनाको बुँदा नं. (१) को (ग) मा रहेको "आधारभुत कम्प्यूटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको" भन्ने बाक्यांश हटाईएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

*हरित नगर समृद्द दमक*
## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं. प्रदेश, नेपाल

**आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना**
**(सूचना प्रकाशित मितिः २०७९/०४/१०)**

दमक नगरपालिकाको आ.व. २०७९/०८० मा कृषि तथा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने (पशुहाट) कर संकलनका लागि ठेक्का वन्दोवस्त गर्न कार्यपालिकाको मिति २०७९/०४/०७ मा भएको निर्णयानुसार पशुहाट कर संकलनको ठेक्का लिन चाहने कम्पनी र फर्महरुले प्रकाशित सूचनाका सेवा शर्तका वन्देजमा रही सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र विद्युतीय माध्यम (ई–बिड)बाट बोलपत्र पेश गर्नु हुन जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपशिल**
**ठेक्का नं. DMO/JHAPA/PSH/004/079/080**

| क्र.सं. | बिवरण | न्यूनतम ठेक्का अंक (मु.अ.कर वाहेक) | धरौटी | बोलपत्र दस्तर रु. (फिर्ता नहुने) | बोलपत्र फारम पेश गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|
| १ | (कृषि तथा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने) पशुहाट कर संकलन | रु.१,१४,४७,७८८।– (अक्षेरमा एक करोड चौध लाख सठ्चालिस हजार सात सय अठासी रुपैया) मात्र । | ५% | ३०००।– | २०७९/०४/२५ गते दिउँसो १२:०० बजे सम्म | २०७९/०४/२५ गते दिउँसो १:०० बजे सम्म |

**नोटः (अन्य विस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।**

मध्यान्ह
www.madhyanhadaily.com
१० साउन २०७९, मंगलबार
26 July 2022, Tuesday

## सम्पादकीय

# सबथोक होइन राजनीति

अभिनेता भुवन केसी नेपाली कांग्रेस प्रवेश गरेको केही समय नबित्दै चलचित्र विकास बोर्डको अध्यक्ष नियुक्त भएका छन् । केसी नेपाली चलचित्र क्षेत्रका एक सुप्रसिद्ध हस्ती हुन् । उनका कयौं चलचित्र हिट छन् । हिट चलचित्रमा अभिनय गरेका केसीको नियुक्ति सामान्य हो । किनकि चलचित्र बुझेका व्यक्ति बोर्डको नेतृत्वमा पुगेका छन् । तर नियुक्तिको प्रक्रियाबारे भने अवश्य समीक्षा आवश्यक छ । किनकि सार्वजनिक व्यक्तित्व बनाएकाहरूको दलीयकरण तीव्र बनेको छ, रोकिएको छैन । दल प्रवेशले सार्वजनिक चिनारी बनाएका व्यक्तिहरूको स्वीकारोक्ति घटेको छ । केसीजस्तै बाटो अन्य थुप्रै कलाकारले लिएका छन् । केही कलाकारले सक्रिय राजनीति नै रोजेका छन् । पक्कै पनि राजनीतिक अधिकार हरेक व्यक्तिमा सुरक्षित छ, त्यसैले त्यसको उपभोग गर्न पाउँछन् ।

तर कलाकार क्षेत्र मात्रै नभएर अन्य क्षेत्रमा फराकिलो व्यक्तित्व बनाएकाहरूको पनि दल प्रवेश रोकिएको छैन । नेपाल प्रहरीको शीर्ष पदमा पुगेका नवराज सिलवाल अहिले नेकपा एमालेका सांसद छन् । प्रहरी नेतृत्वमा पुग्न नपाएका सिलवालले पदबाट राजीनामा दिएर चुनाव लडेका थिए । उनलाई एमाले अध्यक्ष केपी शर्मा ओलीले गृहमन्त्री नै बनाउने सार्वजनिक अभिव्यक्ति दिएका थिए । भोट बढाउन ओलीले त्यस्तो अभिव्यक्ति दिएको बुझ्न सकिन्छ । कलाकार, प्रहरी, पत्रकारदेखि सरकारी कर्मचारीको दलीय प्रवेश पनि रोकिएको छैन । हुन त यस्तो प्रवृत्ति नेपालमा मात्रै होइन । दक्षिणी छिमेक भारतमा पनि सार्वजनिक व्यक्तित्व बनाएकाहरूको दल प्रवेश उच्च छ । त्यसैको सिको नेपालमा पनि भएको देखिन्छ ।

तर समाजलाई राजनीतिसँगै सार्वजनिक व्यक्तित्वहरूको पनि उत्तिकै खाँचो छ । किनकि राजनीति गर्नेहरूबाट मात्रै सामाजिक सन्तुलन, सामाजिक न्याय र विधिको शासन सुरक्षित हुन्न । भर्खरै हामीले त्यस्तो अभ्यास भोगिसकेका छौं । एमाले अध्यक्ष केपी शर्मा ओलीले संविधानमै नभएको अधिकार प्रयोग गरी प्रतिनिधिसभा विघटनको निर्णय लिएका थिए । त्यसबेला विपक्षी भूमिकामा रहेका नेताहरूले मात्रै संघर्ष गरेनन्, सार्वजनिक व्यक्तित्व बनाएका नागरिक समाजको दबाव चर्को थियो । त्यसले प्रतिनिधिसभा पुनर्स्थापना गर्दै संविधानको रक्षा गर्नेगरी सर्वोच्च अदालतबाट फैसला आयो । ओलीले अदालतमै राजनीति गरेका थिए । त्यसपछि बनेको शेरबहादुर देउवा नेतृत्वको सरकारले गरेका गलत निर्णयप्रति पनि सचेतता अपनाउने काम भइरहेको छ । तर भोलि हरेक क्षेत्रमा राजनीति हुने प्रवृत्तिको विकास भए जुनसुकै बेला राज्यमा संकट आउन सक्छ । त्यसबेला नागरिक आह्वान गर्ने निकाय नै नरहन सक्छ । तसर्थ राजनीति मात्रै सबथोक होइन भन्ने भावनाको विकास गराउन आजको दायित्व हो ।

# वैदेशिक रोजगारप्रति उदासिन राज्य

*राज्यकै नीतिको कारण अहिले म्यानपावर व्यवसायीहरू एक अर्कामा अस्वस्थ प्रतिस्पर्धामा देखिन्छन् । विभिन्न देशका एजेन्टहरूसँग मागपत्र बनाउन मोटो रकमको लेनदेन हुँदै आएको समेत चर्चा बाहिरिने गरेको छ । व्यवसायीहरूकै भाषामा भन्ने हो भने (जसरी पनि पैसा कमाऊ) को अवस्था अपवाद बाहेकका व्यवसायीहरूमा देखिन्छ ।*

अग्रलेख



● मोहन कुमार दाहाल

वैदेशिक रोजगार व्यवसायीहरुलाई सरकारले कतारको लागि २० हजार रूपैयाँ र मलेसिया, ओमन, बहराईन र साउदीको ७० हजार लागत दर तोकेको छ । सोही लागत दर बुझाएका नेपालीहरु रोजगारीको लागि विदेशिने गर्दथे । राज्यलाई ठूलै रकम राजस्व स्वरूप राज्य कोषमा दाखिला हुन्थ्यो । जब गोर्कण बिष्ट श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारीमा आए तबबाट वैदेशिक रोजगारमा व्यथिति पैदा हुन थाले । सेवा शुल्क शून्यदेखि १० हजारसम्म लागु भयो । राज्य कोषमा यस क्षेत्रबाट हुने राजस्व नि ह्वातै घट्यो । यो व्यवहारिक छैन भन्ने कुरा नियमनकारी सरकारी निकाय वैदेशिक रोजगार विभाग, राजनीतिक दलका नेता, मन्त्री र सरोकारवाला सबैलाई थाहा नभएको पनि होइन । तर, मुठ्ठिभरका सल्लाकारहरुको भनसुन र सनकको भरमा यो नियम लागु भै छाड्यो । यसबाट राजस्वमा पर्ने दीर्घकालिन असरको मुल्याङ्कन नै गरिएन । उल्टै जबरजस्ती म्यानपावर व्यवसायीहरुलाई आर्थिक भार थोपरियो ।



नेपाल राष्ट्र बैंकमा व्यवसायीहरुले राख्दै आएको मुद्दति मौजाद रकम सात लाखबाट बढाएर क्रमशः ५० लाख, एक करोड, दुई करोड गरियो भने उता बैंक ग्यारेन्टी बापत २३ लाखबाट बढाएर क्रमशः एक करोड ५० लाख र चार करोड पुऱ्याइयो । म्यानपावर व्यवसायीहरुले सक्नेले सरकारको निर्देशन मानेर रकम थपेर व्यवसाय सञ्चालन गरे भने नसक्नेले बन्द गरे । यसमा केही झोले र खल्तिका इजाजतहरु स्वतः खारेजीमा परे । जनु मोटो रकम कुम्ल्याउन कुरेर बसेका थिए । उनीहरुलाई ठूलो धक्का लागो । लगत्तै कोभिड माहामारीले देशको अर्थतन्त्र तहसनहस पाऱ्यो । विश्व अर्थतन्त्र नै तहसनहस भएको बेला यो वैदेशिक रोजगारको क्षेत्र चोखो रहने कुरै भएन । व्यवसायीहरुले ठूलो आर्थिक संकटको सामना गर्नुपऱ्यो । कार्यालयको भाडा, कर्मचारीहरुको तलव र इजाजत पत्र नविकरणमा एक सय जना कामदारको प्रावधानले व्यवसायीहरुलाई झन आकान्त पाऱ्यो । हाल यो अवस्थामा केही सकारात्मक वातावरण सिर्जना हुँदै छ र कोभिड पूर्वकै अवस्थामा यो व्यवसाय फर्कन लागेको अवस्था छ । तर, बिडम्बना नेपाल सरकारले तोकेको लागतभन्दा धेरै गुणा रकम तिरेर युवाहरु विदेशीन बाध्य छन् ।

साउदीको एक हजार दिराम तलब, कतारको एक हजार रियल तलब र ओमान, कुवेत र बहराईनको सय क्रमशः ओमानि रियाल, कुवेति डिनार र बहराईन डिनार तलबको दुई लाखसम्म रकम तिरेर युवाहरु विदेशिरहेका छन् । उता जिरो लागतको मलेशियामा १५ सय मलेशियन रिङ्गट तलबको लागि रु दुई लाख ७५ हजार देखि तीन लाखसम्म रकम तिरेर गएका छन् । यदी यो सबै रकमको आय-व्यय तयार पार्न पाउने व्यवस्था भएको भए नेपाल सरकारलाई अहिलेको तुलनामा धेरै गुणा बढी राजस्व दाखिला हुन्थ्यो । हाल व्यवसायीहरुले यो रकमको आय-व्याय तयार पार्न पाउँदैनन् ।

खै यो कसले बुझ्ने र अनुगमन गर्ने ? सरकार गठबन्धन जोगाउनै व्यस्थ, नियमनकारी निकाय अकुत कमाउन व्यवस्थ, सब कानमा तेल हालेर बसे जस्तो ! तैं चुप मैं चुप ! यसलाई राजस्व छलि त भन्न मिल्ला तर, यति भनेर राज्य पन्छिन नमिल्ला कि ?

> *जब सेवा शुल्क शून्यदेखि १० हजारसम्म लागु भयो तब राज्य कोषमा रोजगार व्यवसायीबाट हुने राजस्व नि ह्वातै घट्यो । यो व्यवहारिक छैन भन्ने कुरा नियमनकारी सरकारी निकाय वैदेशिक रोजगार विभागदेखि सरोकारवाला सबैलाई थाहा नभएको पनि होइन । तर, मुठ्ठीभरका सल्लाकारहरुको भनसुन र सनकको भरमा यो नियम लागु भै छाड्यो ।*

व्यवसायीहरु मारमा छन् भन्ने राज्यले जिरो र दश हजारको लागतभन्दा बढी लिए कारबाही गर्ने भनेर जुवारी खेलेर यो समस्या समाधान होला र ? राज्यकै नीतिको कारण अहिले म्यानपावर व्यवसायीहरु एक अर्कामा अस्वस्थ प्रतिस्पर्धामा देखिन्छन् । विभिन्न देशका एजेन्टहरुसँग मागपत्र बनाउन मोटो रकमको लेनदेन हुँदै आएको समेत चर्चा बाहिरिने गरेको छ । व्यवसायीहरुकै भाषामा भन्ने हो भने (जसरी पनि पैसा कमाऊ)को अवस्था अपवादमा बाहेकका अधिकांश व्यवसायीहरुमा देखिन्छ । यस्ता दलालहरु कतिपय नेपाली नागरिक नै हुन्छन् भने धेरैजसो भारतीय । सम्बन्धीत देशको सम्बन्धीत कम्पनिसँग सिधै सम्झौता गरि मागपत्र बनाउने व्यवसायीहरु न्यून मात्रामा मात्र छन् । यसरी दलालमार्फत मागपत्रको सम्झैता हुँदा प्रति भिषा ४५ हजारदेखि ६० हजार नेपाली रुपैयाँ बराबर हुन आउने रकम अमेरिकन डलरमा दलाललाई भूक्तानी भइराखेको छ । व्यवसायीहरुले बैकिङ्ग प्रणालीमार्फत उक्त कमिसन बापतको रकम दलाललाई सम्बन्धित देशमा पठाउन सम्भव छैन । यस क्षेत्रबाट ठूलै रकम हुन्डिमार्फत विभिन्न देशमा पठाउनु परेको छ । यो रकम बैकिङ्ग प्रणालीमा आउने व्यवस्था राज्यले गरे राज्यकै राजस्व बृद्धि हुन्थ्यो । खै कसले सुन्ने र कसलाई सुनाउने ? राज्यलाई यत्रो रकम बुझाएर व्यवसाय गर्दा नि समस्याको सहजीकरण गर्ने निकाय मुखर्दशक देखिन्छ । वैदेशिक रोजगार विभाग आफ्नो कार्यक्षेत्रमा चुकेको देखिन्छ या आर्थिक प्रलोभनमा परेको छ । नेपाल सरकारको नीतिमा नि खोट देखिन्छ र व्यवसायीहरुमा पनि खोट छ । समस्या ज्यूँको त्यूँ छ ।

म्यानपावर व्यवसायीहरुले आफ्ना कार्यालय मातहतका कर्मचारीहरुको श्रम शोषण गरेको भन्ने गुनासो पनि यस क्षेत्रका कर्मचारीहरुबाट बाक्लै रुपमा सुनिने गरेको छ । भिषा शुल्क, श्रम स्वीकृति खर्च, अन्तरवार्तामा लाग्ने प्रशासनिक खर्च, कर्मचारीको तलबमा लाग्ने रकम, कामदारको हवाई टिकटको रकम र कार्यालयलाई फाइदा बापत प्रतिव्यक्ति ६० हजारदेखि ८० हजारसम्म जोडेर जाने श्रमिकहरुसँग रकम कुम्ल्याउदा नि कार्यालयका कर्मचारीहरुलाई मासिक तलब बापतको रकम समयमा भुत्तानी नदिने, न्यून पारिश्रमिमा काम लगाउन र अभ्रद व्यवहार गर्ने म्यानपावर व्यवसायीहरुको दानवीय व्यवहारको नि सम्बोधन हुनुपर्ने होइन र ? यो म्यानपावर व्यवसायीहरुको बठ्याँई हो । यसमा न वैदेशिक रोजगार विभागले अनुगमन गर्छ न राज्य पक्षले नै । यो पक्षको नि सम्बोधन हुनु जरुरी छ । म्यानपावर व्यवसायीहरुले जे जति उन्नति र प्रगति गरेका छैनन् यो सबमा कार्यालयमा कार्यरत कर्मचारीहरुको अहम् भूमिका रहन्छ । यो भूल्न नहुने पक्षलाई व्यवसायीहरुले शिरोधार्य गरि व्यवहारमा उतार्नु अपरिहार्य देखिन्छ । कर्मचारी भनेका कार्यालयका मेरुदण्ड हुन् भन्ने पक्षलाई बिर्सनु मिल्ला र ? काठमाडौंको बसाई र मूल्यबृद्धिले सरकारी कर्मचारीलाई पिरोल्दा म्यानपावर कार्यालयमा कार्यरत कर्मचारीलाई चाहिँ नपिरोल्ला र ? शरीरमा कुनै ठूलै रोग लाग्यो, कुनै ठूलै भवितव्य नै आइलागे न राज्यले हेर्छ, नत म्यानपावर व्यवसायीहरुले नै । म्यानपावर व्यवसायीहरुले यो पाटोमा ध्यान दिएको देखिँदैन । जुन बिडम्बनापूर्ण र खेदजनक छ ।

***(लेखक दाहाल याना म्यानेजमेन्ट एण्ड सर्भिसेज प्रालिका कार्ययकारी प्रमुख हुन् ।)***

## सामाजिक सञ्जाल




**- राधाकृष्ण कटवाल**

नेपालको कारागार कैदीबन्दीको चापले अस्तव्यस्त छ । दुई सय अटाउने ठाउँमा चार सयसम्म राखिएको छ । अब झन कति बढ्ने हुन थाह छैन । तर, जेलमै प्रजननको अधिकार भएपछि पक्कै पनि विकासले छलाङ मार्नेछ । चीनमा कैदीलाई विकासको काममा लगाइन्छ तर, यहाँ जनताले तिरेको करबाट जेलमै रजाइँ गर्न दिइन्छ ।



**- प्रेम घर्ती मगर**

नागरिकता विधेयक पारित गर्ने विषयमा नेकपा एमालेले प्रभावकारी प्रतिपक्षको भूमिका निर्वाह गर्न नसकेको सत्य हो । यस विषयमा एमालेको आन्तरिक स्वार्थ के हो ? बिस्तारै खुल्दै जाला । तर, अहिले प्रतिपक्षमा रहेर सडक र सदन दुबैतिर मौन बस्नु पार्टी स्वयम् र नेपाली जनताको लागी दुर्भाग्य हो ।



**- मुमाराम खनाल**

निश्चित सर्तसहित गर्भवती कैदी बन्दीलाई प्रजनन अधिकारको लागि एउटा निश्चित समयावधिको लागि जेल बस्नु नपर्ने 'कारागार विधेयक- २०७८' प्रतिनिधिसभाबाट पारित हुनु स्वागतयोग्य छ । कैदीबन्दीको प्रजनन अधिकार, उसको आधारभूत मानवअधिकारमध्ये एक हो ।



**- निर्मल प्रसाइँ**

नयाँ नागरिकता विधेयकदेखि जनता क्रुद्ध छन्, आक्रोशित छन्, आत्मग्लानी महशुस गरिरहेका छन् । जसको उदाहरण आज प्रधानमन्त्री उपस्थित प्रज्ञा भवनको एक कार्यक्रममा उग्र विरोध स्वरूप हो । जनभावना विपरीत नजाऔं प्रधानमन्त्री ज्यू, देश र जनता सर्वोपरि मान्छु भनेर सपथ खाएको हैन ।



**- करणबहादुर विष्ट**

गठबन्धन टुट्ने डरले वैवाहिक अंगीकृत नागरिकता स्वीकार गरियो, गठवन्धन टुट्ने खतराले एमसीसी स्वीकृत गरियो, धनाढ्य बन्ने चाहनाले बजेट बनाउन बिचौलिया राखियो, सत्ताको आवश्यकताले न्यायालयमा सेटिङ्ग गरियो । (आह कति मार्मिक तर्क अग्रगमन, समाजवाद, संविधान र लोकतन्त्रको रक्षाको रटान यही हो ?)

# एजेण्डाविहीन राजनीति

विचार



● उपेन्द्र झा

